# सहयोग

नेपाल अपाङ्ग समाज (NSD) र नेपाल अपाङ्ग समाज बहुउद्देश्यीय सहकारी संस्था (NSDMC) को पहलमा २०६९ सालमा नेपालमा पहिलोपल्ट **अपाङ्गता परोपकार कोष** (Disabled Welfare Fund -DWF) स्थापना भएको हो । कोषको मूल उद्धेश्य आर्थिक, सामाजिक तथा शैक्षिक रुपमा पछाडि रहेका र वित्तीय क्षेत्रमा समेत पहुँच नभएका अति विपन्न अवस्थाका अपाङ्गता भएका व्यक्ति, पूर्ण तथा अति असक्तका अभिभावकहरुको स्वरोजगार प्रबर्धन, उनीहरुको स्वास्थ्य तथा भैपरी सहायता एवमं निजका बालबालिकाको लागि छात्रवृत्ति तथा उनीहरुको पठनपाठनमा सहयोग पुऱ्याउनु रहेको छ ।

**अपाङ्गता परोपकार कोष (DWF)** अन्तर्गत अपाङ्गता स्वरोजगार कोष (DSEF), स्वास्थ्य तथा भैपरी सहायता कोष (HAESF) र छात्रवृत्ति तथा पठनपाठन सहयोग कोष (SF) गरी तीनवटा विषयगत कोषहरु रहेका छन् । नेपाल अपाङ्ग समाजले स्वास्थ्य तथा भैपरी सहायता कोष (HAESF) र छात्रवृत्ति कोषलाई आफै परिचालन गर्दछ भने अपाङ्गता स्वरोजगार कोष नेपाल अपाङ्ग समाज बहुउद्धेश्यीय सहकारी संस्थामार्फत अति विपन्न अवस्थाका अपाङ्गता भएका व्यक्ति र उनीहरुका अभिभावकहरुको स्वरोजगार प्रबर्धनको क्षेत्रमा परिचालन गर्दछ ।

**अपाङ्गता परोपकार कोष** (DWF) परोपकारी तथा सेवाभाव भएका महानुभावहरुको सहयोगबाट स्थापना भएको हो । कोष स्थापनाको सुरुवातदेखि नै नेपाल अपाङ्ग समाज (NSD) र नेपाल अपाङ्ग समाज बहुउश्द्देश्यीय सहकारी संस्था (NSDMC) ले कोष वृद्धिको लागि विभिन्न संघ-संस्था, निजी क्षेत्र र व्यक्ति महानुभावहरुसंग हातेमालो अभियान सञ्चालन गर्दै आएको छ ।

तपाईहरुद्धारा **अपाङ्गता परोपकार कोष** (DWF) मा स्वेच्छाले प्रदान गरिने सहयोगमध्ये २५ प्रतिशत रकम अति विपन्न अवस्थाका अपाङ्गता भएका व्यक्तिका वालवालिकाको पठनपाठन तथा छात्रबृत्तिमा, २५ प्रतिशत रकम स्वास्थ्य एवमं भैपरी सहायतामा र ५० प्रतिशत रकम उनीहरुको स्वरोजगार निमार्णमा सदुपयोग हुनेछ ।

नेपाल अपाङ्ग समाज (NSD) र नेपाल अपाङ्ग समाज वहुउद्देश्यीय सहकारी संस्था (NSDMC) तपाईहरुद्धारा प्राप्त हुने सहयोगप्रति पूर्णरुपमा जवाफदेही, उत्तरदायी र पारदर्शी हुनेछ । तपाईहरुले प्रदान गरेको सहयोग र त्यसबाट लाभान्वित हुने व्यक्तिहरुको विस्तृत विवरण संस्थाको वेबसाईटमा रहनेछ । आउनुहोस, हामी सवैले स्वेच्छाले थोपाथोपा पानी संगालौं र अति विपन्न अवस्थाका अपाङ्गता भएका व्यक्ति, उनीहरुका अभिभावक र निजका वालवालिकाहरुको शिक्षा, स्वास्थ्य र स्वरोजगारको क्षेत्रमा सहयोग पुऱ्याउन सहकार्य गरौं ।

**स्वेच्छाले सहयोग गर्न चाहनुभएमा,**

खाताको नाम : नेपाल अपाङ्ग समाज
खाता नंम्बरत्र : ०१२०१०२०२५३४८२
स्वीफ्ट : NIBLNPKT
बैंकको नाम : नेपाल इन्भेष्टमेण्ट बैंक लि.,
पुतलिसडक शाखा, काठमाण्डौं, नेपाल ।

धन्यवाद !